नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

माघ/फागुन २०६९ (February 2013) वर्ष १७/अङ्क १९१

## आत्मिकी परिपक्वतातिर बढ्दै जानु

– पाष्टर प्रेम श्रेष्ठ

परमेश्वरको वचन कहिल्यै पनि बासी र पुरानो हुँदैन किनकि यो जीवित परमेश्वरको मुखबाट निस्कने तथा उहाँको आत्माको प्रेरणाबाट निस्कने कुरा हो, "सब संसार टलेर जानेछ तर टल्नेछैन तपाईंको वचन ।" यी दिनहरू हामी प्रभुलाई प्रेम गर्ने खीष्टियान विश्वासीहरूले अझै आफूलाई खीष्टको स्वभावमा ढाल्दै लैजानुपर्छ । त्यसकारण हामी अब हाम्रा बालक पनलाई त्यागेर परिपक्वता तर्फ बढ्दै जानुपर्छ ।

**१. बचपनलाई त्यागेर परिपक्व खीष्टियान बन्दै जानुपर्छः**
*१ कोरिन्थी १३:११, भजनसंग्रह १३१:२*

बचपन भनेको के हो ?

बचपन भनेको मानिसमा भएको बालकपनको स्वभाव वा अपरिपक्व स्वभाव हो । बचपन स्वभाव भएको व्यक्ति तुरुन्तै रिसाउँछ, ठीक निर्णय गर्न जान्दैन, स-साना कुरामा ठुस्किन्छ, रिसाउँछ, आफूले भनेको बाहेक अरुले केही जान्दैन भनी ठान्छ र एउटै गल्ती घरीघरी दोहोऱ्याइरहन्छ । उसमा दूर दृष्टि हुँदैन अनि झट्टै निर्णय गर्छ । मानिस र पशुमा रहेको भिन्नता यही हो, कि मानिसले गल्ती गर्छ तर फेरि सचचाउँछ तर पशुले घरीघरी गल्ती दोहोऱ्याउँछ । जुन मानिस बालक पनमा हुन्छ त्यसले आफ्नै कुरामा मात्र जिद्दी गर्छ, अरुको सम्मान गर्दैन । ऊ कसैको अधीनतामा बस्दैन, सबैकुरा आफूखुसी गर्छ र आफूलाई नै सबैभन्दा ठूलो सम्झन्छ । त्यस्ता व्यक्तिले मण्डलीमा केही समय राम्रो काम गरे तापनि पछि गएर ऊ एक्लो पर्न सक्छ । यसकारण आज हामीलाई समूहमा बसेर काम गर्ने तथा अरुलाई सम्मान गर्ने परिपक्व विश्वासी तथा अगुवाहरूको नितान्त आवश्यकता छ । यसरी काम गर्न सकेमा गल्तीहरू घटेर जान्छ र मण्डली, परिवार तथा समाजमा आशिष पुऱ्याउन सकिन्छ अनि मण्डली परिपक्वतातर्फ बढ्दै जान सकिन्छ ।

**२. समझदारीमा सुधार ल्याउनुपर्छः** *१ कोरिन्थी १४:२०*

आत्मिकी परिपक्व हुनलाई हामीले हाम्रो समझमा सुधार ल्याउनुपर्छ । किनकि हामी खीष्टमा निर्भर छौं र उहाँ नै हाम्रो जग हुनुहुन्छ अनि हामीले अर्को जग बसाल्न सक्दैनौं (*१ कोरिन्थी ३:११*) । स्थिर मन भएकाहरूको शीर खीष्ट हुनुहुन्छ भन्ने समझ हामीमा हुनुपर्छ । हाम्रो काम बतासले हुत्याएको छालजस्तै मन पर्दा काम गर्ने मन नपर्दा नगर्ने किसिमको हुनुहुँदैन । बरु प्रेमसित सत्य बोल्दै खीष्टको उचाइसम्म पुग्न सक्ने र खीष्ट झल्किने खालको स्वभाव हामीमा हुनुपर्छ (*एफिसी ४:११-१६*) । खीष्ट हाम्रो शिक्षक हुनुहुन्छ, उहाँले हामीलाई शिक्षा दिनुहुन्छ तर सधैंभरि हामी आधारभूत शिक्षा जस्तैः मुक्ति, प्रेम, शान्ति, आनन्द, चंगाइ आदि कुराहरूमा मात्र उहाँले शिक्षा दिनुहुन्न । तर प्रभुले हामीलाई अब खँदिलो खुराक जस्तैः धार्मिकता, समस्याहरूको सामना गर्ने कुरा र समाजको भलाइ इत्यादि कुराहरूमा पनि शिक्षा दिनुहुन्छ । हाम्रो समझले खीष्ट हामी प्रति कृपालु हुनुहुन्छ भन्ने कुरा पनि जान्नुपर्छ र हामीले पाएको मुक्तिमा बढ्दै जानुपर्छ (*१ पत्रुस २:२,३*) । हाम्रो समझलाई भलाइतिर लगाउनुपर्छ (*यर्मिया ४:२२, मत्ती १०:१६*) । खराबी त्यागेर असल र शान्तिपूर्ण बाटो अपनाउनुपर्छ (*रोमी १६:१९*) ।

**३. खीष्टको आदर्शलाई पछ्याउँदै जानुपर्छः** *एफिसी ४:१३,१४*

खीष्टले जस्तै त्यागको जीवन जिउने चाहना राख्न अति जरुरी छ (*फिलिप्पी ४:३-८*) । परमेश्वरबाटको बुद्धिलाई चलाउँदै जानुपर्छ, हामी मानवीय बुद्धिमा कहिलेकाहीँ ठूला-ठूला भूलहरू हुन्छन् जो बितेर जान्छ तर परमेश्वरबटको लुकेको बुद्धिलाई प्रयोग गरेर उहाँको महिमा गर्नु राम्रो हुन्छ । (*१ कोरिन्थी २:६-८*) । खीष्टलाई घोषणा गर्दै हामी जानेको बुझेको व्यक्तिले उहाँको कामलाई सक्दो परिश्रम गरेर प्रचार गर्नु नै एक परिपक्व विश्वासीको चिन्ह हो । (*कलस्सी १:२८,२९*) । उहाँको आदर्शलाई पछ्याउँदै खीष्टको पूर्णतातर्फ अघि बढिरहनाले हामीलाई परिपक्व बनाउन सहायता गर्छ । हामी व्यवस्थाको अधीनमा होइन तर अनुग्रहको अधीनमा छौं । (*यूहन्ना १:१६-१८*) । हाम्रो सेवकाइ, काम उहाँको अधीनमा गरिनुपर्छ ।

**मण्डलीमा २ प्रकारका विश्वासीहरू हुन्छन्ः**

क) प्रेम विनाको सत्यता जुनचाहिँ अति कडा हुन्छ, उसले सत्यता बुझेको हुन्छ तर त्यसमा प्रेम छैन अनि त्यो राम्रो हुँदाहुँदै पनि कडा हुन्छ ।

ख) सत्यता बिनाको प्रेम जसले कसैलाई दुखाउन चाहँदैन र सबैसँग मेल-मिलापमा बस्न खोज्छ तर त्यो पनि अति लुलो र कमजोर हुन्छ । यसकारण सत्यतालाई प्रेममा ढालेर सन्तुलन कायम गर्दै खीष्टको आदर्शलाई पछ्याउँदै जानु राम्रो हुन्छ । (*एफिसी १:२१-२३, एफिसी ३:१९*) ।

**४. परीक्षालाई जित्दै जानुपर्छः**
*हिब्रू ५:११-१४, १ यूहन्ना २:१४*

खराब र सत्य छुट्याउने एउटै मात्र उपाय परमेश्वरको वचनलाई पढेर, बुझेर र मनन गरेर मात्र हो । जुन कुराले हामीलाई बागी बन्नबाट रोक्छ त्यो चाहिँ प्रभुको वचन नै हो (*२ तिमोथी ३:१०-१३*) ।

जसरी प्रभुले शैतानलाई त्यसको परीक्षाबाट त्यसलाई हराउन परमेश्वरको वचन प्रयोग गर्नुभयो । त्यसैगरी हामीलाई उहाँको वचनको ज्ञान हुन अति जरुरी छ । त्यसकारण हामी परिपक्व हुँदै जानुको अर्को विकल्प छैन किनकि खीष्टियान जीवन अघि बढ्ने जीवन हो पछि हट्ने जीवन होइन जसरी मानिसले जहिले पनि काँचो फलको होइन तर पाकेको फलको आशा गर्छ त्यसैगरी परमेश्वरले पनि उहाँको छोरा-छोरीलाई पनि परिपक्व भएको देख्न चाहनुहुन्छ र धेरै फलफलाएको देख्ने इच्छा गर्नुहुन्छ ।

के हामी उहाँलाई खुसी तुल्याउन चाहन्छौं ? निश्चय नै चाहन्छौं । त्यसकारण हामी सधैं खीष्टको स्वरुपमा बनिदैं जानलाई यी कुराहरूको हेक्का राख्नुपर्छ (*२ कोरिन्थी २:१४-१७*) । प्रभुले हामी सबैलाई उहाँको स्वरुपमा बनाउँदै लैजाऊन्, हामी वरदान चलाउने मात्र होइन तर आत्माका फल फलाउने उहाँका छोराछोरी, चेलाचेली र मित्रहरू बन्न सकौं । आमिन ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| माघ २७ गते<br>फरवरी ९ ता. | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | डीकन<br>गोपाल शर्मा | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>दिल थापा | डीकनेस्<br>ग्रेस खालिङ |
| फागुन ५ गते<br>फरवरी १६ ता. | पाष्टर<br>महेश थाँजु | श्री<br>सिद्धि खालिङ | श्री<br>रमेश लामा | श्री<br>दानिएल घले | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>छचोगेन रोंगोंग | डीकन<br>श्याम कृष्ण रंजित |
| फागुन १२ गते<br>फरवरी २३ ता. | एल्डर<br>सामुएल क्षेत्री | पाष्टर<br>अशोक मुखिया | डीकन<br>सिमोन पाठक | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>नवराज के.सीं | संयुक्त सेवा<br>ललितपुर चर्च |
| फागुन १९ गते<br>मार्च २ ता. | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>दफ्तन सादा | श्री<br>प्रेम ठकुरी | पाष्टर<br>बि.बि. खवास | डीकन<br>गोपाल शर्मा |

## प्रार्थनाका विषयहरू

१. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा, तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

२. नेइमअन्तर्गत ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, सुन्दरीजल, गुरुजुधारा, साहुगाउँ, धापासी र भैंसेपाटी मण्डलीहरूमा संख्यात्मक साथै गुणात्मक वृद्धिको लागि आशिष मागिदिऔं र यी मण्डलीहरूमा सेवकाई गर्नुहुने अगुवा गुरुजनहरूको लागि पनि प्रार्थना गरिदिऔं ।

३. मण्डलीअन्तर्गत भइरहेको सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति अनुगमन कक्षा, आत्मिक सेवा साथै आराधना सेवामा आशिष मागौं ।

४. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन-प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै अझ बोझ, दर्शन र समर्पणताको लागि प्रार्थना गरौं ।

५. नेइमअन्तर्गतका सबै शाखा/आवद्ध मण्डलीहरू प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचारको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै सबै सेवक/सेविकाहरूको लागि पनि प्रार्थना गरिदिऔं ।

६. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै (झूटा) शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

## साप्ताहिक सेवा संगतिहरू

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, १०:०० र १२:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ, | बिहान १०:३० बजे<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ, धापासी र भैंसेपाटी |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, १०:०० र १२:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), तिलगंगा, नगदेश-ठिमी | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल | |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी, गाम्छा, सुन्दरीजल र ताहाचल | दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **गाम्छा** | **सुन्दरीजल** | **जहरसिंह पौवा** | **गोंगबूँ** | **रानीपौवा** | **साहुगाउँ** | **धापासी** |
| **माघ २७ गते फरवरी ९ ता.** | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | श्री अनुप लामा | श्री लाक्पा लामा | पाष्टर रोबर्ट कार्थक | श्री कुमार सेन्चुरी | डीकनेस् आशमाया तामाङ्ग | संयुक्त सेवा गोंगबूँ मण्डली |
| **फागुन ५ गते फरवरी १६ ता.** | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा-जोरपाटी चर्च** | | श्री अशोक सुनार | डीकन सिमोन पाठक | श्रीमती रीना तामाङ्ग | एल्डर धन ब. तामाङ्ग | सुश्री रन्जना ढुङ्गेल |
| **फागुन १२ गते फरवरी २३ ता.** | पाष्टर एल.पी. न्यौपाने | एल्डर गोपी राई | पाष्टर महेश थाँजु | एल्डर जमान तामाङ्ग | श्री प्रशान्त सिंह | डीकन बेन्जामेन तामाङ्ग | डीकनेस् आशमाया तामाङ्ग | डीकनेस् नविना लिम्बू |
| **फागुन १९ गते मार्च २ ता.** | एल्डर गोपी राई | श्री अमृत लामा | श्री कृष्ण श्रेष्ठ | सुश्री दिलमाया तामाङ्ग | पाष्टर एल.पी.न्यौपाने | संयुक्त सेवा गोंगबूँ मण्डली | एल्डर धन ब. तामाङ्ग | पाष्टर अशोक मुखिया |

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई

पौष १८ गते/जनवरी २ ता. बुधबार नेइम गोंगबूँ मण्डलीको सदस्या सुश्री रन्जु बि.क. र पुनरुत्थान एक्लेशिया मण्डली, रसुवाको सदस्य श्री राजु बि.कको गोंगबूँ मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राजु/रन्जु बि.क.**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

पौष १८ गते/जनवरी २ ता. बुधबार नेइम गोंगबूँ मण्डलीको सदस्य श्री सुमन पुरकोटी र क्वाइनोनियाँ मण्डली, बालाजुको सदस्या सुश्री प्रमिला रम्तेलको क्वाइनोनिया मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ
बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सुमन/प्रमिला पुरकोटी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

# फरवरी महिनाको कार्यक्रम

**१. माघ २९ गते, फरवरी ११ ता. सोमबार नेइम घरेलु संगति महोत्सव ज्ञानेश्वर मण्डलीमा**

**२. फागुन १ गते, फरवरी १२ ता. मंगलबार महिला उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा**

**३. फागुन २० गते, मार्च ३ ता. आइतबार नेइम कार्यकारिणीको बैठक नेइम गोंगबूा मण्डलीमा**

## जानकारी

१. पौष १४ गते, डिसेम्बर २९ ता. शनिबार नेइम ललितपुर मण्डलीमा १४ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

२. पौष २१ गते/जनवरी ५ ता. शनिबार नेइम ललितपुर चर्च अन्तरगत भैंसेपाटी संगति शुरू गरियो ।

३. माघ ६ गते, जनवरी १९ ता. शनिबार नेइम गोंगबूँ मण्डलीमा ३७ जना विश्वासीहरूले सपर्मण गर्नुभयो ।

४. माघ १४ गते, जनवरी २७ ता. आइतवार नेइम ज्ञानेश्वर मण्डलीमा जीवनपुर मण्डली धादिङ्गको २ जना र ज्ञानेश्वर मण्डलीको १४ जना गरी १६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।



गोंगबूँ बस्नुहुने नेइम गोंगबूँ मण्डलीको सदस्य श्री बल बहादुर कार्की ८५ वर्षको उमेरमा पौष १९ गते/जनवरी ३ ता. बिहीबार प्रभुमा सुत्नुभयो ।

ताहाचल बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्या श्रीमती गीता लामा ३९ वर्षको उमेरमा पौष २५ गते/जनवरी ९ ता. बुधबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २१ — 3<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | २८ — 10<br>मण्डलीलाई अगुवाइ गरिराख्नु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्दै मण्डलीलाई पनि अघि बढाउन सकून्<br>**भजनसंग्रह ३२:८, १४३:१०** | ६ — 17<br>नेपाल देशका सबै जिल्लाहरूमा समयमा नै सुसमाचार प्रचारिएको होस् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**१ तिमोथी २:१-७** | १३ — 24<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनको निम्ति पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं । |
| **सोमबार**<br>**Monday** | २२ — 4<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | २९ — 11<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत प्रभुसँगको संगति र पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>**भजनसंग्रह ६३:१-५, २७:४** | ७ — 18<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**२ तिमोथी ३:१६,१७** | १४ — 25<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं । |
| **मंगलबार**<br>**Tuesday** | २३ — 5<br>सबै सेवक/सेविकाहरूको सेवकाइमा पवित्र आत्माको अगुवाइ, भरपूरी र सहायता मागिदिऔं ।<br>**२ तिमोथी ४: २, ५** | १ फागुन — 12<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा छुटकारा हुवाई पाउन सकून् ।<br>**यशैया ३५:३-७,१०** | ८ — 19<br>सबै विश्वासीहरूको जीवनका सबै क्षेत्रमा परमेश्वरबाटको अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकून् ।<br>**फिलिप्पी २:१२-१७** | १५ — 26<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं । |
| **बुधबार**<br>**Wednesday** | २४ — 6<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा अझ उत्साहसाथ गर्दै जान सकून् ।<br>**१ कोरिन्थी १५:१०** | २ — 13<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूहरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**१ थेसलोनिकी ५:११** | ९ — 20<br>बप्तिस्मा नलिएकाहरूले उद्धार र मुक्ति प्रति धन्यवादी भई यस संसारमा ख्रीष्टको असल साक्षी भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>**रोमी ६:३-१४** | १६ — 27<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनलाई बाधा दिने सबै अन्धकारका कुराको विरुद्धमा प्रार्थना गरौं । |
| **बिहीबार**<br>**Thursday** | २५ — 7<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>**एफिसी २:१०** | ३ — 14<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन आफ्नो परिवार र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>**भजनसंग्रह १४४:१२-१५** | १० — 21<br>सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार साथीभाइ, छिमेक, कलेजमा सुनाउन अझै बोझ र दर्शनकासाथ लागिपर्न सकून् ।<br>**रोमी १०:१४-१७** | १७ — 28<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं । |
| **शुक्रबार**<br>**Friday** | २६ — 8<br>झूटा शिक्षा र शिक्षकको भर्माउने कुराहरूबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**यूहन्ना १६:१३-१५** | ४ — 15<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतमा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह १२२:१-४, २६:८** | ११ — 22<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३-२४** | १८ — March 1<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् । |
| **शनिबार**<br>**Saturday** | २७ — 9<br>कारागारमा भइरहेको संगतिद्वारा अझ धेरैले प्रभुलाई चिन्न सकून् ।<br>**प्रेरित १६:२५-३१** | ५ — 16<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट सहनुभएकाहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**२ कोरिन्थी १२:९-१०** | १२ — 23<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रेरित १६:२५-३४** | १९ — 2<br>विश्वव्यापी मण्डलीहरूमा हुने आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् र उहाँलाई नै सदा महिमा मिलेको होस् । |